# इस्लाममा मुहम्मद (स.अ.व.)को जन्म दिवस

## ميلاد النبي صلى الله عليه و سلم في الإسلام

[नेपाली–Nepali – نيبالي ]

Shaikh Azimuddin Salfi

संकलनः शैख अजीमुद्दीन सलफी

संशोधनः अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

2014 - 1435

islamhouse.com

# इस्लाममा मुहम्मद (स.अ.व.)को जन्म दिवस

इस्लामी सनहिजरी (संवत) को तेश्रो महिनालाई रबीउल अव्वल भनीन्छ। यसै महिनाको ७ वा ९ तारिखको दिन रसूल मोहम्मद सल्ललह अलैहे वसल्ललको जन्म मक्का सहरमा भयो । हजुर मौसुफ बाल्यकालमा बाखरा चाराउन्थे र व्यस्क भए पश्चात व्यपार गर्न थाले २५ वर्षको उमेरमा एउटी विधवा हजरत खदीजासंग विहे गरे ४० वर्ष पुग्दा पुग्दै अनोठो तथा अचम्भित दृष्य कहीले सपनामा कहिले जाग्दै अवस्थामा हेर्न थाले । त्यस पछि आफुलाई एकान्तमा बस्ने मन पराए, हजुर मौसुफ मक्का नजीक एउटा पर्वतको हेरा नामक गुफामा एकान्तमा बसन लागे ।

यसै क्रममा एक दिन हजुर मौसुफ त्यो गुफामा बसेका थिए की एउटा अपरिचित व्यक्ति आएर आदेश गर्यो की पढ हजुरले भन्नुभयो: मलाई पढ्न आउँदैन, अनि अपरिचित व्यक्तिले उहाॅलाई आफनो छातीमा टांसेर दबायो फेरी छाडे पश्चात पढन आदेश गर्यो । तिन पटक उहांसंग यस्तै क्रम गरियो र चौथो पटक अपरिचित व्यक्तिले कुरानको यो पहिलो ५ श्लोकहरु अल्लाहको आदेशले सुनाए (आयत)

((اقْرَأْ بِاسْمِ رَبِّكَ الَّذِي خَلَقَ{١} خَلَقَ الْإِنسَانَ مِنْ عَلَقٍ{٢} اقْرَأْ وَرَبُّكَ الْأَكْرَمُ{٣} الَّذِي عَلَّمَ بِالْقَلَمِ{٤} عَلَّمَ الْإِنسَانَ مَا لَمْ يَعْلَمْ{٥})) العلق(مكية)

अर्थात:

((हे मोहम्मद पढ आफनो पालनकर्ताको नाम लिएर जसले सृजना गर्यो , जसले मनुष्यलाई रगतको डल्लोबाट सृष्टि गर्यो, पढ तिम्रो रब अती उदार छन् जसले कलम दुवारा शिक्षा प्रदान गर्यो, र मनुष्यलाई त्यो सबै सकियो जसको ज्ञान उसलाई थिएन))(सूरतुल् अलक १-५)

यो असाधारण घटनाले भयभीत भई उहाँ आफनो घर तीर फर्के र स्वास्नी तथा केटीलाई कमबल ओढाउन आदेश गरे । केही छिनपछि सामन्य अवस्थामा आए पश्चात पत्नी खदिजासीत भन्नुभयो । हे खदिजा मलाई आफनो ज्यान खतरामा लागी रहेछ पत्नीले संतावना दिदै भनिन्: तपाई जस्तो राम्रो शिष्टाचारी समाजसेवी तथा अनाथसेवी बढदो पुणय गर्ने व्यक्तिलाई केही हुदैन तपाईको स्वामी तपाईको रक्षा गर्छ ।

त्यसपश्चात खदिजा हजुरलाई मक्काको सब भन्दा बढी बुद्धीजिवी वर्का बिन नौफल कहां लैजान थालिन् -वर्का बिन नौफल शिर्क छाडेर ईसाई भई इंजीलको अनुवाद गर्दथे) वर्काले हजुरको सबैकुरा सुनेर भन्नुभयो तपाई अन्तिम रसूल (ईश्दूत) हुनुहुन्छ त्यो व्यक्ति जिबरील फरिशता (स्वर्गदूत) हुन जुन मुसा रसूल माथि अवतरित भएका थिए । तपाईलाई मक्का बासी यहांबाट निकालि दिन्छ म जिउंदो र बलियो रहे भने अवश्य तपाईको सहयोग गर्छु ।)) (बोखारी शरिफ)

एउटा मित्रले रसुल स.को नबी बन्ने उमेर र उहां मौसुफको जन्म दिन मनाउन के कसो हो प्रश्न गर्नुभएको थियो उक्त हदीसको मद्देनजर मौसुफलाई ४० वर्षको उमेरमा रसूलको पदमा आसीन गरियो किनकि यदि मौसुफ जन्मैदेखी नबी हनुहुन्थ्यो भन्ने जिबरीललाई न चिन्हने र भयभित हुने तथा वर्कासंग सरसल्लाहको कुरै थिएन र सोही बोखारी शरीफको अर्को हदिसमा तेश्रो पटक कुरआन नाजिल हुदांखेरि सोही फरिशतासित आफुबारे नबी बनाउने अल्लाहको आदेश थाहा भयो ।

इस्लाम धर्ममा नवी वा कसैको जन्म दिन मनाउनु विदअत (इस्लाम धर्ममा नौलो अविष्कृत कार्य) हो विदअतलाई नबी स.ले घिर्नात्मक र विखण्डित तथा विभाजित गर्ने कार्य भन्नुभो केही वर्षदेखि मुस्लिक समुदायमा विभाजन र विखण्डन नौलो बिदआतबाट भई राखेको छ ।

जन्मदिन मनाउने प्रथा ईसाई समुदायबाट हाम्रो समाजमा भित्रिएको छ हामी मुसलिम नक्कल गर्ने मान्छे छैनौं हामी अल्लाको फर्मान र रसुलको हदीसमाथि ईमान राख्छौं । विदअत इस्लाम विरोधी कार्य हो र यस्तो खालको मान्छेलाई रसूल स.ले जहन्नमी बताएका छन् तथा बिदअतालाई सबै पापभन्दा ठूलो पाप उल्लेख गर्नुभएको छ ।

यसले गर्दा हामीलाई चाहियो कि यस्ता अवैधानिक कुराहरुबाट टाढा रहेर कुरआन र हदीसका निर्देशनहरु बमोजिम अआफ्नो जीवनलाई व्यतीत गरौं र बिदअतहरुबाट टाढा बसेर स्वर्गको

अहधिकारी बनौं । अल्लाहसित विन्ती छ कि हामी सबैलाई सुकर्म गर्ने र कुकर्मबाट बांच्ने सुअवसर प्रदान गरुन् । ( आमीन )

وصلى الله على نبينا محمد و على آله و صحبه أجمعين